

परवानीपुर गाउँपालिका

स्थानीय राजपत्र

खण्डः २ संख्याः ०५ मितिः- २०७५/०३/३२ गते

भाग-१

"अध्यक्ष बालिका उत्थान योजना " अभियान संचालन कार्यविधि,२०७५

गाउँसभाबाट पारित मितिः-२०७५/०३/३२ गते

"अध्यक्ष बालिका उत्थान योजना " अभियान संचालन कार्यविधि,२०७५

१.प्रस्तावना

परवानीपुर गाउँकार्यपालिका (कार्यसम्पादन) नियमवाली, २०७४ को नियम ३ बमोजिम गाउँपालिकाबाट घोषित "**अध्यक्ष बालिका उत्थान योजना** " अभियान कार्य संचालनको लागि यो कार्यविधि स्वीकृत गरि जारि गरिएको छ ।

२.परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क)"अभियान" भन्नाले गाउँपालिकाबाट घोषित **अध्यक्ष बालिका उत्थान योजना** अभियान सम्झनु पर्दछ ।

ख)"अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

ग)"उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ)"कार्यपालिका" भन्नाले परवानीपुर गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ङ)"गाउँपालिका" भन्नाले परवानीपुर गाउँपालिका सम्झनु पर्दछ ।

च)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले परवानीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

छ)"बैंक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

ज)"वडा" भन्नाले परवानीपुर गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

झ) "वडा समिति" भन्नाले परवानीपुर गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

ञ)"सदस्य" भन्नाले गाउँ कार्यपालिका सदस्य सम्झनु पर्दछ । र सो शब्द ले वडा सदस्य लाई समेत जनाउदछ ।

३. अध्यक्ष बालिका उत्थान योजना अभियानको कार्यविधि

यो अभियान परवानीपुर गाउँपालिकाको क्षेत्रभित्र मिति २०७५\०४\०१ गते देखि जन्मिने बालिकाको हकमा लागु हुनेछ। अभियान संचालनको लागि गाउँ कार्यपालिकाको कार्यालयले देहायको कार्यविधि अबलम्बन गर्नेछ ।

क) यस अभियान अन्तर्गत गाउँपालिका भित्र जन्मिने प्रत्येक बालिका(बेटी)को नाममा निजको अभिभावकले आफ्नो निजि जग्गा वा गाउँपालिकाले तोकिदिएको सार्बजनिक जग्गामा ५(पाँच) वटा रुख रोपी ३५(पैतीस) दिन भित्र जन्मदर्ता गराउनु पर्नेछ ।

ख) वडा कार्यालयको सिफारिस र गाउँपालिकाको स्वीकृतिमा गाउँपालिकाले तोकी दिएको बैंकमा बालिकाको नाममा २० (बीस) बर्षे दीर्घकालिन आवार्ती बचत (Recurring Saving Account) खाता खोलि अभिभावकबाट रु. ५०००\-(रुपैया पाँच हजार मात्र) जम्मा गरी सो को एक प्रति भौचर सहित वा रु. ५०००।०० नगदै गाउपालिकामा जम्मा गरी सो को प्रमाण सहित दिनु पर्नेछ ।

ग) गाउँपालिकाले निबेदन उपर आवश्यक जांचबुझ गरि र गाउपालिकाबाट रु. ११,५५१।०० (एघारह हजार पाँच सय एकाउन्न मात्र) गरी जम्मा रु. १६,५५१।०० (सोरह हजार पाँच साय एकाउन्न मात्र) अभिभावकको हस्ताक्षरबाट आवार्ती बचत खाता संचालन गरिनेछ । उक्त रकम एकमुष्ट २० वर्ष पछि निकासा गरी उक्त बाालिका उत्थानका लागि खर्च गरिनेछ

निज बालिकाको खातामा रु.१६,५५१।०० (रुपैया सोरह हजार पाँच सय एकाउन्न मात्र)एकमुष्ट जम्मा गर्नेछ ।

तर भूमिहीन वा अति बिपन्न परिवारमा जन्मिने बालिकाको हकमा निजको अभिभाबकले जम्मा गर्नु पर्ने रकमको ५०% रकम मात्र जम्मा गर्नु पर्नेछ ।

घ) बैंकबाट रु. २,०००/- (दुई हजार) जम्मा गरिनेछ ।

ङ) बालिकाको खातामा जम्मा भएको रकम गाउँपालिकाको सिफारिस मा २० वर्ष पछी मात्र निकाल्न सकिनेछ ।

च) बालिकाको खातामा रहेको रकम तथा बैंक र गाउँपालिका बिचमा भएको सम्झौता बमोजिमको पाउने ब्याज रकम समेत कुल हुन आउने रकम खातावालाको हुनेछ ।

छ) यो अभियान खारेज नभएसम्म निरन्तर चलिरहने छ ।

तर बिधालय शिक्षा पुरा नगरेको तथा बीस वर्ष उमेर नपुगी बिहे भएको खातावालाको खातामा जम्मा भएको रकम मध्ये गाउँपालिकाको योगदान रकमको व्याज समेत गाउँपालिकाको संचित खातामा फिर्ता हुने व्यवस्था गाउँपालिकाले मिलाउने छ र बाँकी रकम सम्बन्धित व्यक्तीको हुनेछ ।

४. बैंक तथा वित्तीय संस्था छनौटको कार्यविधि

गाउँ कार्यपालिकाको कार्यालयले बैंक छनौटको लागि देहायबमोजिम को कार्यविधि अपनाउने छः

क) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त गाउँपालिका क्षेत्र भित्र वा पायक पर्ने स्थानमा शाखा संचालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई पत्रचार गरि वा स्थानीय पत्रिकामा ७(सात)दिने सूचना प्रकाशित गरि वा कार्यालयको वेबसाइटमा सुचना प्रकाशित गरि बैंक तथा वित्तीय संस्थाहरुको सुची तयार गर्ने छ ।

ख) सुचिकृत बैंक तथा वित्तीय संस्थारुलाई गाउँ कार्यपालिकाको कार्यालयले अभियानको लक्ष्य र उदेश्यको जानकारी दिई खाता संचालन तथा अधिकतम ब्याज दरसम्बन्धि प्रस्ताव माग गर्ने छ ।

तर गाउँपालिकाको कार्यालयले पायक पर्ने स्थानमा शाखा रहेको बैंक तथा वित्तीय संस्थाको प्रधान कार्यालयमा सोझै पत्राचार गरि प्रस्तावाना माग गर्न सक्नेछ । यस प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थालाई सुचिकृत गर्नु पर्ने छैन ।

ग) गाउँपालिकालाई पायक पर्ने स्थान(परवानीपुर गाउँपालिकामा)मा शाखा संचालन रहेको सबै भन्दा अधिकतम ब्याजदर प्रस्ताब गर्ने बैंक तथा वित्तीय संस्थालाई छनौट गरि सम्झौता गर्ने छ ।

घ) समान ब्याजदर प्रस्ताब गर्ने तथा पायक पर्ने स्थान मा शाखा संचालनमा रहेको आवश्यकता अनुसार एकभन्दा बढी बैक तथा वित्तीय संस्थाहरु संग सम्झौता गरि अभियान संचालन गर्न सकिने छ ।

५. अभिलेख राख्ने

गाउँ कार्यपालिकाको कार्यालयले यस अभियानबाट लाभान्वित बालिकाको पारिवारिक लगतसहितको अभिलेख राख्ने ब्यवश्था मिलाउनु पर्नेछ ।

६. सहयोग तथा समन्वय समिति गठन गर्ने

अभियान संचालनार्थ गाउँ कार्यपालिकाको कार्यालयलाई सहयोग र समन्वय गर्ने, अभियानको प्रगति समिक्षा गर्ने तथा आवश्यक निर्देशन दिने अधिकारसहित गाउँपालिका अध्यक्षले निर्णय गरि आफै वा कार्यपालिकाको कुनै सदस्यको संयोजकत्वमा बढीमा ७(सात)सदस्यीय सहयोग तथा समन्वय समिति गठन गर्न सक्नेछ ।

७. वडा समितिको कर्तब्य

यस अभियानको प्रचारप्रसार गर्ने, बालिकाको शिक्षा अभियान तथा बाल बिवाह बिरुधको अभियानलाई पूर्ण रुपमा कार्यान्वयन ल्याउन सहयोग गर्ने कर्तब्य वडा समितिहरुको हुनेछ ।

८.खर्च गर्ने अधिकार

गाउँ कार्यपालिकाको निर्णयबाट विनियोजित बजेटको सिमा भित्र रही यस कार्यविधिले तोकी दिएको रकम खर्च गर्ने अधिकार गाउँ कार्यपालिकाको कार्यालयलाई हुनेछ ।

९. बाधा अड्काउ फुकाउने

यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ ।

१०. परिमार्जन तथा संशोधन

कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

गाउँसभाबाट अनुमोदन मितिः-२०७५/०३/३२ गते
प्रमाणिकरण मितिः- २०७५/०४/०१ गते

आज्ञाले,
अपसरा खत्री
प्रमुख प्रशासकीय अधिकृत